# सहभागी
## वार्षिक प्रगतिप्रतिवेदन

**आ. व. २०८१/०८२**

**प्रकाशकः**

**केन्दीयकार्यालय**
**रत्ननगर नगरपालिका-९,ढिकुवा,चितवन**
**फोन नं. ०५६-६१३५३**
**ईमेल: sahavagico@sahavagi.org.np**
**वेभ साईटः www.sahavagi.org.np**

## **विषयसूची** (पेज नं. अनुसार)


| | | |
|---|---|---|
| **१** | विषयसूचि | १ |
| **२** | संस्थागत झलक | २ |
| **३** | परिचय | ३ |
| **४** | कार्यमूलक कार्यक्रमहरु | ५ |
| **४.१** | एचआइभी. रोकथाम, हेरचाह, सहयोग र उपचार कार्यकम, चितवन, नवलपरासी पुर्व तथा नवलपरासी पश्चिम (ईपिक परियोजना ) | ५ |
| **४.२** | स्थानीय झोलुङ्गे पुल निर्माण कार्यक्रममा प्रविधिक सेवा तथा सामुदायिक परिचालन ,चितवन | ७ |
| **४.३** | सामाजिक सेवा एकाई कार्यकम ,भरतपुर अस्पताल | ८ |
| **४.४** | दिगो घरवारी बगैंचा पहल कार्यकम, प्युठान | १० |
| **५** | अध्ययन अनुसन्धानात्मक कार्यक्रम | १५ |
| **६.** | प्रकाशनहरु | १५ |
| **७** | संस्थाबाट सम्पन्न अन्य कार्यहरु | १५ |
| **८** | संस्थाको वार्षिक लेखा परिक्षण | १८ |
| **९** | आ.व. २०८१/०८२ मा सञ्चालित कार्यक्रमहरु | १८ |
| **१०** | आ.व. २०८२/०८३ को प्रस्तावित कार्यक्रम तथा वजेट | १९ |
| **११** | संस्थाको संगठनात्मक ढांचा | २० |

## १. संस्थागत झलक

### कानुनी अस्तित्व

स्थापनाः वि.स. २०५३ ( ई.स. १९९७)
दर्ताः जि.प्र.का., चितवन
दर्ता नं : १०३ । ०५३ । ०५४
दर्ता मितिः २०५३ । १२ । २५
स.क.प.आः २०५६ । ४ । १४

### आधिकारीक संरचना

साधारण सभाः प्रत्येक वर्ष अनिवार्य रुपमा
कार्यसमितिः ९ सदस्यहरु
(३महिला, ४ पुरुष, १ दलित, १ जनजाति)
साधारण सदस्यः ३१ जना

### मानब साधन

जम्मा कर्मचारी : ३५(पुरुष- ०९ ,महिला-२६)
केन्द्रिय कार्यालय : ०५
शाखा कार्यालयहरुमाः ३०

### कार्यअवधि

| | |
|---|---|
| वार्षिक साधारण सभाः | प्रत्येक वर्ष |
| कार्यसमितिको कार्यकालः | तीन वर्ष |
| कार्यसमिति बैठकः | प्रत्येक तीन तीन महिनामा |

### वर्तमानमा सहकार्य गरिएका साझेदार संस्थाहरु

FHI/EpiC परियोजना
स्थानीय झोलुङ्गे पुल कार्यक्रम
सामाजिक सेवा ईकाइ, भरतपुर अस्पताल ,
चितवनका सबै पालिकाहरु (गाऊपालिका तथा नगरपालिकाहरु)
दिगो घरबारी बगैचा पहल परियोजना,प्यूठान (SHIP-Pyuthan)

### विगतमा सहकार्य गरिएका साझेदार संस्थाहरु

फास्टेनोफर
हेल्भेटास नेपाल
USAID/ FHI-360 Nepal
एशियाली विकास बैंक/अष्ट्रेलियन नेसनल.युनिभर्सिटी
जि.स.स. चितवन
भरतपुर अस्पताल
अक्सफाम जि.वि.
यु.एस.ए.आई.डि.
यु. एन. वुमन
चितवनका सबै पालिकाहरु (गाऊपालिका तथा नगरपालिकाहरु)

## २. परिचय

### २.१ संस्थागत परिचय

"**स**हभागी" स्वावलम्वन र सहभागितात्मक विकास पद्धतिमा विश्वास राख्ने र यसै पद्धतिमा लामो कार्यगत अनुभव भएका व्यवसायिक विज्ञहरुद्वारा स्थापित एउटा सामाजिक संस्था हो । यो संस्था जिल्ला प्रशासन कार्यालय चितवनमा २०५३ साल चैत्र २५ गते (सन.१९९७) सामाजिक संघ/संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भएको छ । यसैगरी समाज कल्याण परिषद् (८९७१), आन्तरिक राजस्व कार्यालय (पान नं : ३००३३४४३३०), गै.स.स. चितवन (३०५-२०५८/५९), गै.स.स. महासंघ (C.R.CHI-27),प्रजातान्त्रिक गै.स.स. महासंघ नेपाल (FEDEN),एड्स विरुद्ध राष्ट्रिय नेटवर्क समूह नेपाल(NANGAN)र नेसो चितवन (१) मा दर्ता तथा आवद्ध भैसकेको छ ।
यो संस्था सहभागिता र साझेदारीमा विश्वास गर्दछ । सहभागितात्मक विकासको लागि सरकारी, सामाजिक, नीजि, राष्ट्रिय, अन्तराष्ट्रिय, बहुराष्ट्रिय संघ संस्था र समुदायका मानिसहरुसंग मिलेर साझेदारीमा काम गर्ने इच्छा राख्दछ । यसले आफ्नो अनुभवलाई यस्तै क्षेत्रमा काम गर्ने अन्य संघ सस्थाहरुसँग आदन प्रदान गर्न चाहन्छ ।

आर्थिक, सामाजिक तथा राजनैतिक रुपले विपन्न वर्गको रुपमा रहेका महिला, सिमान्त परिवार, दलित तथा जन जातिहरुको आत्म विकासको लागी उनीहरुलाई नै सशक्त बनाई विकासको मूलधारमा सहभागी हुनेवातावरणको सृजना गर्नु वर्तमान समयको आवश्यकता हो।प्रत्येक मानिसमा अन्तरनिहित क्षमता र शक्तिलाई ठिक तरिकाले पहिचान गरी परिचालन गर्न मद्धत पुऱ्याइयो भने मानव मात्रको सर्वाङ्गिण विकासमा टेवा पुग्न सक्दछ भन्ने मान्यतामा सहभागीले विश्वास राख्दछ । त्यसैकारण विकास प्रक्रियामा पछि परेका अथवा नसमेटिएका विपन्न वर्गहरु जस्तै महिला, दलित समूदायका मानिसहरुसंग मिलेर काम गर्न चाहन्छ । यस अतिरिक्त आफ्नो अनुभव र दक्षतालाई विपन्न वर्गमा रहेका समूदायका मानिसहरुको पक्षमा उपयोग गर्न इच्छुक अन्य संघ संस्था, नेपाल सरकार तथा अन्तर्राष्ट्रिय संस्थाहरुसंग पनि साझेदारीको रुपमा काम गर्न चाहन्छ ।

वि.स. २०५३ सालमा स्थापना भएको सहभागी संस्थाले विपन्न वर्गका मानिसहरु, विशेष गरि दलित, महिला र सिमान्तकृत परिवारलाई सहभागीतात्मक विकास प्रक्रियामा संलग्न गराउदै उद्देश्यमुलक तथा मिश्रित समूह गठन गरि स्थानीय संस्थाको माध्यमबाट सामाजिक र आर्थिक विकासको लागि चेतना, अभिवृद्धि, महिला स्वास्थ्य, भौतिक पूर्वाधार तथा आय आर्जनका काममा संलग्न हुदै आइरहेको छ । कार्यमूलक कार्यक्रमको अनुभवबाट प्राप्त र सीपलाई नीतिगत, अध्ययन, अनुशन्धान, तालिम, गोष्ठी तथा प्रकाशनको माध्यमबाट सरोकारवाला संघ सस्था र आम समुदाय समक्ष पुर्याएको छ ।

२०८० कार्तिक १६ र १७ गते सम्पन्न रणनैतिक योजना तर्जुमाबाट संस्थाको परिकल्पना,ध्येय, लक्ष र उद्देश्यमा केहि परिमार्जन समेत गरेको छ । देशको परिवर्तित राजनैतिक संदर्भ, संघिय गणतान्त्रिक राज्य व्यवस्थाको शक्ति संरचनामा सजिलै पहुँच पुग्न नसक्ने र विकाशको प्रतिफल पाउन बाट टाढै रहेका विपन्न एवं वञ्चित वर्गको सर्वाङ्गीण विकासको लागी सहभागितात्मक पद्धति द्वारा सशक्तिकरणमा योगदान पुर्याउनु पर्ने आवश्यकतालाई परिमार्जन गरिएका VMGOले आत्मसाथ गरेको छ । संस्थाले हाल अवलम्वन गरेको परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्य निम्न अनुसार छन् ।

**क. परिकल्पना (Vision)**

सामाजिक र आर्थिक रुपले आत्मनिर्भर र समृद्ध समाजको निर्माण ।

**ख. ध्येय(Mission)**

सहभागितात्मक पद्धतिद्वारा लक्षित वर्गकोससक्तीकरणमा योगदान पुर्याउने ।

**ग. लक्ष्य (Goal)**

विकाशको प्रतिफलबाट वञ्चित महिला,बालबालिका ,जेष्ठ नागरीक, बिपन्न, दलित, अपांगता भएका, जोखिममा रहेका व्यक्ति तथा अन्य सिमान्तीकृत समूहको आर्थिक सामाजिक अवस्थामा सुधार गर्ने ।

**घ. उद्देश्यहरु (Objectives)**

१.कृषि, वन, वातवरण, जलवायु परिवर्तन, जैविक विविधता तथा समाजिक क्षेत्रका सवालहरुमा अध्ययन र कार्यमूलकअनुसन्धान गर्ने ।

२.लक्षितसमूहको सशक्तिकरण गर्दै गुणस्तरीय शिक्षा,स्वास्थ्य र सरसफाईमा पहुच बृद्धिगर्न सहयोग पुरयाउने ।

३.लक्षित समूहको उद्दमशीलता विकाश गर्दै शिपमूलक र आयमूलक क्रियाकलापमा संलग्न गराई आर्थिक रुपमा आत्मनिर्भर बनाउने ।

४.लक्षित समूहको जिवनस्तर विकाशका लागि आवश्यक भौतिक पुर्वाधार निर्माणमा सहजिकरण गर्ने ।

५.स्थानिय संघसँस्थाहरुको सँस्थागत क्षमता अभिवृद्धि गर्ने ।

६.सहभागी सँस्थाको सँस्थागत सुदृढिकरणका गर्ने ।

**२.२ कार्य पद्दती**

**१). सामाजीक परिचालन**

क) समुदाय केन्द्रित योजना तर्जुमा र कार्यान्वयन

ख) समुदायको शसक्तिकरण तथा सवलिकरण

ग) सहभागिता मूलक कार्यक्रम अनुगमन र मूल्याङ्न

घ) स्थानिय स्रोत परिचालन

ङ) सामाजीक रूपान्तरण

**२) अनुसन्धान (नीतिगत तथा कार्यमूलक) तथा पैरवी**

क) समुदाय, सरकार, राष्ट्रिय र अन्तरराष्ट्रीय संघ सँस्था संगको सहकार्यमा कार्यक्रमको संचालन र निचोडहरूको स्थानियस्तरमा ग्रहण गर्न पैरवी गर्ने

**३) सहकार्य**

क) संघिय, प्रदेश र स्थानिय सरकार संग सहकार्य गर्ने

ख) अन्य सरोकारवाला संघ सँस्था संग सहकार्य गर्ने

ग) समाजीक संजालहरूमा आवद्द हुने

**४) अधिकारमा आधारीत कार्य पद्दती**

क) महिला, वालवालीका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा अन्य वञ्चित समुहको अधिकार, सेवा सुविधामा पहुँचका लागी सहजिकरण गर्ने

**२.३ मूल्य, मान्यता तथा निर्देशक सिद्धान्तहरूलाई पालना गर्दै**

१) पारदर्सिता एवं जवाफदेहिता

२) समावेसिता

३) लैङ्गिक र सामाजीक विभेद माथी सुन्य सहनशिलता

४) सँस्थाकापदाधिकारी एवं कर्मचारीहरूले नैतिकरूपले चरित्रवान,ईमान्दार र सरल जीवनपद्दतीको अवलम्बनगर्ने

**२.४ नारा**

**"समुदायका लागी सहभागी**

**सामाजीक रूपान्तरणका लागी सहभागी"**

**२.५ आचार-संहिता**

संस्थामा कार्यरत कार्यकर्ता/ कर्मचारी ले पालना गर्नुपर्ने नैतिक नियम तथा सुरक्षाका कार्यहरु

१. निर्देशक सिद्धान्तहरुको पूर्णरुपमा पालना गर्ने ।

२. सार्वजनिक स्थान, कार्यक्रम वा कार्यालयमा कुनै पनि राजनीतिक विषयमा छलफल, बहस वा टीकाटीप्पणी नगर्ने ।

३. कार्यक्रमको लक्ष्य, उद्देश्य र प्रक्रिया बारे कसैले जानकारी मागेमा शिष्ट र सभ्य भाषामा सबै कुरा पारदर्शी किसिमले बुझाई दिने ।

४. संस्थाका संचालकसमितिका पदाधिकारी बारे सोधखोज र जानकारी मागेमा थाहाभएको कुरामात्र स्पष्ट भनीदिने ।

५. द्वन्द्वको समयमामा द्वन्द्वमा संलग्न पक्ष/विपक्षका कुरा वसार पसारमा नलाग्ने ।

६. दातृ संघ संस्थाका सम्बन्धमा आवश्यक र आफूलाई थाहा भएको भन्दा बढी कुरा नवोल्ने ।

७. फिल्डमा भ्रमण गर्दा सुरक्षाको स्थिति बुझेर मात्र गर्ने ।

८. सम्भावित दुर्घटनालाई ध्यानमा राखी सबै कर्मचारीहरुको दुर्घटना विमा योजनालाई निरनतरता दिने

९. कार्यक्षेत्रमा कुनै अप्रत्याशित घटना घट्नगएमा केन्द्रीय कार्यालय वा सम्बन्धित पदाधिकारीलाई तुरुन्त सूचनागर्ने ।

१०. सामाजिक संस्था माहासंघ(NGO Federation Nepal) द्धारा तयार गरिएको आचार संहिता तथा नेपालमा कार्यरत अन्तराष्ट्रिय निकायद्वारा प्रकाशित निर्देशक सिद्धान्त समेतलाई आदार र सम्मान गर्ने ।

### २.६ व्यवस्थापन तथा संचालन

''सहभागी'' को व्यवस्थापन र सञ्चालनका लागि ९ जनाको कार्यसमिति छ । जो प्रत्येक ३ वर्षको लागि साधारण सभाबाट निर्वाचित हुन्छ । वर्षमा सामान्यतया ४ पटक कार्य समितिको वैठक बस्दछ ।संस्थाको जनशक्ति व्यवस्थापन र परियोजनाहरुको अनुगमन तथा मूल्याकंनको लागि छुट्टै उपसिमिति रहेका छन् । संस्थाको केन्द्रिय कार्यालय, र.न.पा. ९ चितवन, र फिल्ड कार्यालयहरु नवलपरासीको वर्दघाट, भरतपुरकोस्याउलीबजारहाकीम चोक र प्यूठानको गौमुखि गाउँपालिकामा रहेका छन् । दैनिक कार्य सञ्चालनको लागि आवश्यक पर्ने विद्युतिय उपकरणहरु तथा अन्य भौतिक सुविधाहरु प्रयाप्त मात्रामा रहेका छन् ।

## ३. कार्यमुलक कार्यक्रम (Action Programmes)

### ३.१. इपिक प्रोजेक्ट (EpiC Project )

**क) परिचय**

"**स**हभागी "संस्थाले सन् २००६ देखि विभिन्न परियोजनाको नाममा संचालित कार्यक्रम हाल EpiC परियोजनाको रुपमा चितवन , नवलपुर र नवलपरासी जिल्लामा संचालन भैरहेको छ । यो परियोजना २०२५ सेप्टेम्वर सम्मको लागि संम्झौता भैसकेको छ ।

यो सेवा अन्तरगत एचआईभी र एड्स लागेकालाई निरन्तर औषधिमा पहूँच बढाउने र नखुलेकाहरुलाई पत्तालगाई उपचारमा संलग्न गराउने रहेको छ । अप्रिल २०२५ बाट अमेरिकाको परिमार्जित निति अनुरुप एचाइभी रोकथामका कामहरुलाई स्थगन गरि एचाइभी जाँच,हेरचाह, स्याहार तथा उपचार लाइ प्राथमिकतामा राखि काम गरिएको छ ।
नवलपरासीको परासीबजार र चितवनको भरतपुर १० स्याउली वजारमा फिल्ड अफिसरसिटी क्लिनिक संचालन भैरहेका छन् । साथै पृथ्विचन्द्र अस्पताल परासीको ए.आर.टी सेन्टरमा समेत कर्मचारी राखेर सेवा दिईएको छ ।

**ख) लक्ष्य**

चितवन र नवलपरासी जिल्लामा महिला यौनकमी, उनीहरुका ग्राहकहरु र एचआइभी संक्रमितलाई चितवनमा एचआइभी रोकथाम, हेरचाह, सहयोग र उपचार सेवा कार्यान्वयन गर्न सहयोग गर्ने ।

**ग) लक्षित बर्ग:** महिला यौन कर्मी तथा तिनका ग्राहकहरु

**घ) परियोजनाका क्रियाकलाप**

१.**एचआइभी रोकथाम, हेरचाह, सहयोग र उपचार सेवामा पहुँच वृद्धि गरि एचआइभी संक्रमितलाई उपचारमा नियमित बनाउने :** उच्चजोखिममा रहेको जनसंख्यालाई(यौनकर्मी महिला, तिनकाग्रहाकहरुCity clinic बाटएचआइभी परिक्षण, यौनरोग परिक्षण र उपचार र प्रीएआरीटी सेवादिने, Clinic बाट पत्तालागेकाएचआइभी संक्रमितलाई नजिकैको एआरटी केन्द्रबाट उपचार लिन सहयोग गर्ने र नियमितहुन मद्दत गर्ने र अन्यआवश्यकीय सेवा जस्तै पीएमटीसिटी, टिभी परिक्षण र उपचार, भाइरल लोड गणना र सहयोग गर्ने ; र एचआइभी परिक्षण सम्बन्धी नयाँ प्रविधी प्रर्वद्धन गर्ने र लागु गर्न सहयोग गर्ने ।
२.**यौनकर्मी महिला, तिनकाग्रहाकहरु, पुरुष समलिङ्गी, पुरुष यौनकर्मी (समलिङ्गी), तेस्रा लिङ्गी र एचआइभी संक्रमितहरुमाCoPCTसेवाको माग बढाउने :** सी बि एस मार्फत महिला यौनकर्मी र उनीहरुकाग्राहकहरु पहिचानगरि जोखिमन्युनिकरण र कण्डम प्रयोग र सम्झौता सीपसिकाउने र एचआइभी परिक्षण र यौनरोगको जाचँकालागि प्रेषण गर्ने ; पीयर नेभिगेटर मार्फत महिला यौनकर्मी बस्ने नयाँ ठाउँहरु पहिचानगर्न, एचआइभी परिक्षण र यौनरोगको जाचँकालागि प्रेषण गर्न र कण्डम वितरण गर्न तालिमदिई परिचालनगर्ने ; एचआइभीको लाञ्छना घटाउन लाञ्छना तथा भेदभावन्युनिकरण तालिम समुदायकाव्यक्ति, सरोकारवाला र सेवाग्राहीलाई प्रदानगर्ने ।
३. **योजना,सुपरिवेक्षण,सर्वेक्षण र गुणस्तर कायमगर्न प्रणालीविकास गर्ने** : लक्षित समुहको अनुमानित संख्यापत्तालगाउनRappid Community Assessmentगर्ने ; अनुमानित संख्या, पहिचान, परिक्षण र उपचारका Gap पत्तालगाउने ;नियमित तथ्याङ्क विश्लेषण गरि कार्यक्रम कार्यान्वयनमा सुधार गर्न नियमित सहयोगात्मक सुपरिवेक्षण गरि गुणस्तर कायम राख्ने ।

**ङ) कार्य क्षेत्र :**

चितवन, नवलपरासी पूर्व र पश्चिम जिल्लाका सबै गाउंपालिकाहरु र नगरपालिकाहरुलाई लक्षितगरि कार्यक्षेत्र वनाईएको छ ।

### च) परियोजनाको संख्यात्मक लक्ष्य तथा प्रगति विवरण

| | | | | | |
|---|---|---|---|---|---|
| **१.लक्षित समुदायलाई एचआई भी, यौनजन्य संक्रमण तथा उपचार सम्बन्धि दिएको शिक्षा** | | | | | |
| **क.स** | **समुह** | **लक्ष्य** | **प्रगती** | **प्रतिशत** | **कैफियत** |
| क | यौनकर्मी महिला | ५६३ | ४५४ | ८१ | |
| ख. | यौनकर्मी महिलाका ग्राहकहरु, | १६४ | १५३ | ९३ | |
| **२.एचआइभी संकमितलाई घर तथा समुदायमा भेटघाट** | | | | | |
| क. | एचआइभी संकमित | ८१० | | | |
| **२.१ यौनरोग परिक्षण र उपचार, स्वेच्छिक रक्त परिक्षण र एच.आई.भि संकमितहरुको अत्यावश्यकिय स्वास्थ्य सेवाः** | | | | | |
| क. | यौनकर्मी महिला | ७३ | ७२ | १०१ | |
| ख. | यौनकर्मी महिलाका ग्राहकहरु, | १९ | ३३ | १७४ | |
| **३. एचआईभी परामर्श र परिक्षण** | | | | | |
| क. | यौनकर्मी महिला | ५६३ | ४५४ | ८१ | |
| ख | यौनकर्मी महिलाका ग्राहकहरु, | १६४ | १६३ | ९३ | |
| ग. | नया एचआइभी संकमित पहिचान | २८ | ३७ | १३२ | |
| **४.एच.आई.भि रोकथामको लागि कण्डम बितरणको संख्या** | | | | | |
| क. | PLHIV ,यौनकर्मी महिला र तिनिहरुको ग्राहक | १०१२९७ | १०७२०० | १०५ | |
| **५.समूदायका व्यक्तिहरुलाई लाञ्छना र भेदभाव न्युनीकरण तथा सुरक्षित यौन व्यवहार सम्बन्धि तालिमः** | | | | | |
| क. | चितवन ,नवलपुर र परासी जिल्लामा १२ वटा तालिम | २५० | २६० | १०४ | |

### छ) प्रमुख गुणात्मकउपलब्धी (प्रगति)

- एचआईभी एड्सको क्षेत्रमाकामगर्ने संघ संस्थासंग नियमित सम्पर्क समन्वय एवं सहकार्य ।
- नियमितरुपमा कार्यक्रम प्रगति प्रतिवेदन सरोकारवाला सस्थाहरुसंग प्रेशण ।
- विश्व एड्स दिवस, कण्डम दिवस जस्ता दिनहरुमा जिल्ला एड्स समन्वय समिति र सरोकारवालाहरु संगको समन्वयमा संयुक्त रुपमा जनचेतनामुलक क्रियाकलापहरु संचालन ।
- लक्षित समुहको व्यवहार परिवर्तन एवं उपचार खोजीगर्ने वानिको विकासको लागि लक्षितवर्गवाट नै साथीशिक्षकको रुपमा परिचालन तथा क्षमता अभिवृद्धि ।
- प्रथामिक स्वास्थ्य केन्द्र वाट पनि सेवाविस्तार को लागी प्रक्रिया अगाडी बढाइएको ।
- आप्रवासी कामदारहरु ध्यानमा राखि भारत सिमा क्षेत्रमा पनि आउटरिच सेवाविस्तार ।

### ज) असलअभ्यास र सिकाई

यस परियोजना अर्न्तगत विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग नियमित भेटघाट तथा सम्पर्क, समाजमा एचआइभी तथा यौनरोग रोकथाम तथा उपचारका लागी सूचना सहज र छिटो रुपमा पुऱ्याउनको लागी १० जना दौतरी साथी शिक्षकलाई परिचालन, कण्डममा पहुँच बढाउन सामुदायमा कण्डम वितरण र प्रेषण, एकिकृत सेवा सञ्चालनका लागि विभिन्न संघ सस्थाहरु सँगको सम्पर्क तथा समन्वय, महिला यौनकर्मीलाई व्यवहार परिवर्तन गराउनका लागी उनिहरुलाई आयआर्जनका कार्यमा संलग्न गराउनका लागि समन्वय जस्ता अभ्यास तथा सिकाईहरु भए ।

**<u>परियोजना अर्न्तगतका केहि तस्विरहरु</u>**



३० औं राष्ट्रिय कण्डम दिवस मनाउदै गर्दा - चितवन


३७ औ विश्व एड्स दिबस मनाईरहेको झलक चितवन



३७ औ विश्व एड्स दिबस मनाईरहेको झलक परासि


३० औं राष्ट्रिय कण्डम दिवस मनाउदै गर्दा - परासि

**३.२.स्थानीय झोलुङ्गे पुल निर्माण कार्यक्रममा प्राविधिक सेवा तथा सामुदायिक परिचालन :**

स्थानीय झोलुङ्गे पुल निर्माण कार्यक्रम, चितवन(Bridge Building at Local Level-Program, Chitwan)

**क) <u>परिचय</u>**

चितवन जिल्लाका पहाडी गा.वि.स.हरुमा खोला तथा नदी आवत जावत गर्न असुविधा भएकोले झोलुङे पुलको माग बढ्दै आइरहेको छ। परम्परागतरुपमा आवत जावतका लागि अपनाइएका विभिन्न माध्यमहरु मानविय क्षतिका हिसाबले संवेदनशिल हुने र वर्षातको समयमा ती उपायहरु प्रभावकारी नहुने हुदा पनि त्यस्ता क्षेत्रमा यसको माग बढ्दै गएको हो।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमाली, २०५६ को मर्म बमोजिम स्थानीय पूर्वाधार नीति २०६१ को कार्यान्वयन तथा झोलुङ्गे पुल रणनीति २०६२ बमोजिम झो.पु. निर्माण तथा मर्मत संभार कार्यमा प्राविधिक तथा सामाजिक परिचालनको लागि गैरसरकारी क्षेत्रलाई परिचालन गराउने सरकारको नीति अनुरुप खुल्ला प्रतिशपर्धावाट छनौट कार्य भईरहेको छ। नेपाल सरकार स्थानीय बिकास मन्त्रालयले आ.व ०६६/०६७ देखि झोलुङ्गे पुल क्षेत्रगत कार्यकमको संचालन (Trail Bridge Sector Wide Approach (TB SWAp)निर्देशिका-२०६६ अनुसार गर्ने निर्णय गरेको छ। चितवन जिल्ला अन्तरगत सञ्चालित छोटो तरिका (१२० मी सम्मको लम्वाई)झोलुङ्गे पुल कार्यकममा सामाजिक तथा प्राविधिक सहजीकरणको लागि गै.स.सको भुमिकामा सहयोगी संस्थाको रुपमा सहभागी संस्थाले निरन्तरकार्यगर्दै आएको छ।

चितवन जिल्ला विकास समिति, जिल्ला समन्वय समिति चितवन एवं वागमती प्रदेश भौतिक पूर्वाधार बिकास कार्यालय हेटौडा र गाउँ तथा नगरपालिका हरुमा भएको कार्य प्रत्यायोजन संझौताका आधारमा यस जिल्लामा ८० वटा झोलुङ्गे पुल निर्माण सम्पन्न गरी समुदायमा हस्तान्तरण भईसकेका छन्।

यस आ.व.मा राप्ती नगरपालिकाको वार्ड नं. १२ स्थित वाकाङ पर्खाल **झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न भएको छ ।** गाउँ नगरपालिकाहरुबाट कार्यादेश प्राप्त **झोलुङ्गे पुल निर्माणका लागि कम** बजेटको बिनियोजन भएकोहुदा कार्य निरन्तरतामा कठिनाई भएको छ ।

**<u>पुल निर्माण सम्वन्धी केहि तस्विर</u>**



राप्ति नपा - १२ मा निर्माणाधिन वाकाङ पर्खाल झोलुङ्गे पुल(D-type)



इच्छाकामना गापा-७ सिमलढाप झो.पुको अन्तिम जाँचपास तथा सार्वजनिक लेखापरिक्षण (N- type)

## ३.३ सामाजिक सेवा एकाई कार्यक्रम ,भरतपुर अस्पताल

**क) <u>परिचय</u>**

भरतपुर अस्पताल अन्तरगत सञ्चालित सामाजिक सेवा एकाई कार्यक्रममा सहजिकरणको लागि गैरसरकारी संस्थाको समेत संलग्नता रहने निति अनुरुप सहभागी संस्थाले कार्यक्रम प्रारम्भ भएको मिति २०७० देखि २०७७ पौष मसान्त सम्म र २०८० आश्विन महिना देखि ०८२ आषढसम्म सहजीकरणको कार्य गर्दै आएको छ । सामाजिक सेवा एकाई कार्यक्रम सञ्चालन मार्गदर्शन आ.व २०८१/८२ का आधारमा यस सँस्थाले मिति २०८१।०४।०१ देखि २०८२ आषाढ मसान्त सम्म गरेका क्रियाकलाप समेटीएको छ ।

**ख) <u>उद्देश्य</u>**

- लक्षित समुहका बिरामीहरुको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्नको लागि सामाजिक सेवा एकाईको प्रकृयालाई सहजिकरण गर्ने ।
- लक्षित समुहको पहिचान गरि राज्य द्धारा सुनिश्चित गरिएका निशुल्क तथा आंशिक सहुलियत उपचार सुविधाका बारेमा जानकारी गराई लक्षित बर्गलाई सेवा प्रदान गर्ने तथा अस्पताल प्रशासन लाई त्यस्ता लक्षित समुहको पहिचानमा सहजीकरण गर्ने रहेको छ ।
- सेवाग्राही सम्बन्धि सूचनाको अभिलेखिकरणमा सहयोग गर्ने तथा एकाई संग सम्वन्धित विभिन्न निकायहरुसँग सम्पर्क समन्वय गर्ने ।

**ग) <u>लक्षित समूह</u>**

गरिब तथा विपन्न असहाय,अपाङ्गता भएका, जेष्ठ नागरीक, लैङ्गिक हिंसाबाट पिडित महिला,पुरुष तथा बालबालिका र महिला स्वयंसेविका ।

## घ) मुख्य उपलब्धि (प्रगति)

- सेवाप्रदान गर्न ८ जना सहजकर्ताको नियुक्ति गरी अस्पतालबाट  परिचालन भईरहेको छ ।
- सहजकर्ताहरु सवै प्राविधिक क्षेत्रका जनशक्ति उपलब्ध गराउनु  ।
- सहजकर्ता परिचालनबाट एकाइको रेकर्ड ब्यवस्थापन ,लक्षित बर्गको पहिचान आउटडोर र इन्डोरका सेवाग्राहीमा पुर्‍याएको सेवा समेत कार्यक्रममा २४ सै घण्टा सहजिकरणको कार्य निरन्तर भईरहेको छ ।
- सहजकर्ता बाट अस्पतालको बारेमा जानकारी गराउने कार्यले अस्पतालमा आएका बिरामीहरु अलमलमा नपरी सुचारु रुपमा सेवा प्राप्त गरिरहेका ।
- अस्पताललाई आवश्यकता परेको स्थान र समय तोकी Rotation अनुसार परिचालन गर्ने ब्यवस्था भएकार्ले सहजकर्ताहरुलाई सबै स्थानमा गई काम गर्न सक्ने ज्ञान,सिप र दक्षतामा अभिबृद्धिका  लागि अवसर प्राप्त  ।
- लक्षित समूह लाई स्वास्थ्य बिमा कार्यक्रममा आवद्धताका लागि  सूचना प्रवाह ।
- लक्षित समूह भित्रका महिला तथा पुरुष विरामीहरुले निशुल्क तथा आंशिक छुट सहित सेवा प्रदान ।
- लक्षित समुदायको आधारमा अतिगरिव तथा गरिव समुदाय, असाहय, अपाङ्गता, जेष्ठ नागरिक,लैङ्गिक हिंसा पिडित, महिला स्वयं सेविकाले सामाजिक सेवा ईकाई मार्फत छुट सुविधा सहितको उपचार सेवा लिएको मानिसहरुको नामावली Software मा Report राख्ने गरेका छन् ।
- अस्पतालको नागरीक बडापत्रमा समाजिक सेवा इकाई को बारेमा जानकारी सहित प्रकाशन भएको छ ।





**सामाजिक सेवा एकाई कार्यक्रम ,भरतपुर अस्पतालमा सेवा प्रवाहमा सहजकर्ता**

## ३.४ दिगो घरबारी बगैंचा पहल कार्यक्रम, प्युठान
**(Sustainable Home Garden Initiative Project-SHIP, Pyuthan )**

**परियोजना जानकारी**

विगत बर्ष सन् २०११ देखि २१ सम्म हुम्ला जिल्लामा सञ्चालित स्थानीय आत्मनिर्भर कार्यक्रमको सञ्चालन प्रक्रिया र प्रभावकारीताको आधारमा प्रभावित भई सन् २०२४ को जुलाइ महिनादेखि प्यूठान जिल्लाको गौमुखी गाउँपालिकामा दिगो घरबारी बगैंचा पहल कार्यक्रम (SHIP) सन्चालनका लागि द च्यारिटेबल फाउण्डेशन (TCF) र ग्लोबल डेभलपमेन्ट ग्रुप (GDG), अस्ट्रेलियाको आर्थिक सहयोग उपलब्ध भएकोछ । यस कार्यकमको उद्धेश्य घरबारी बगैंचाको अभ्यास र सम्बन्धित गतिविधिहरूद्वारा कृषि उत्पादकत्व, सीप र ज्ञानमा वृद्धि गर्नु रहेको छ । परियोजनाको समयावधि ३० जुन २०२९ सम्म रहेता पनि पहिलो र दोस्रो बर्षका लागि परियोजना स्वीकृत गरेको छ । तेस्रो, चौथो र पाचौ बर्षको गतिविधिहरु पुनः सुचारु गर्न द च्यारिटेबल फाउण्डेशन (TCF) को मुल्याकंन र वोर्डको स्वीकृती आवस्यक पर्नेछ ।

**परियोजनाको मुख्य मुख्य क्रियाकलापरु**

१. स्थानिय स्रोत व्यक्तिको विकाश, परिचालन र पुनर्ताजगी कार्यक्रम
२. घरधुरी स्तरमा स्थानिय स्रोत व्यक्ति परिचालनबाट ३७६ वटा घरबारी बगैंचा निर्माण, दिगो माटो व्यस्थापन अभ्यास ।
३. घरबारी बगैंचा निर्माणका लागि सामग्री र उपकरण वितरण ।
४. नर्सरी उद्दमी छनोट र नर्सरी व्यवस्थापन/पुनर्ताजगी तालिम प्रदान गरि विरुवा उत्पादन र एक व्यवसायीलाई नर्सरी उपकरण वितरण
५. अगुवा कृषकलाई तरकारी विउ उत्पादन र प्रशोधन तालिम तथा अर्धव्यवसायिक खेति तालिमका साथै कृषि सवाल सम्बन्धि अध्यावधिक प्रसार सामग्री निर्माण तथा वितरण

**गुणात्मक उपलब्धीहरु**

१. जिल्ला स्तरमा प्रारम्भिक तथ्यांक संकलन ।
२. दात्री निकायद्वारा परियोजना स्वीकृत गरे पश्चात TCF र सहभागीको संयुक्त टोलिद्वारा गौमुखी गाउँपालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत , कर्मचारी र अन्य सरोकारवाला सँग परियोजना कार्यान्वयन पुर्व समन्वय बैठक र किसान सँग अन्तरक्रिया
३. समाज कल्याण परिषद र गौमुखी गाउँपालिकाबाट परियोजना स्वीकृत साथै जिल्ला प्रशासन कार्यालय, प्युठानद्वारा शाखा खोल्ने अनुमती
४. परियोजनालाई आवस्यक ३ जना कर्मचारीको नियुक्ति जसमा २ जना स्थानीय रहेका छन् ।
५. स्थानिय स्रोत व्यक्ति छनौट, विकास र परिचालन ।
६. सँस्थागत परिचय तथा परियोजना अभिमुखीकरण गाउँपालिका, सरोकारवाला र स्थानीय स्रोत व्यक्ति
७. स्थानीय स्रोत व्यक्ति विकासको लागि आधारभूत तालिम (५ दिनको)
८. संस्थाका अनुगमन र मुल्यांकन विभाग एवं कर्मचारीद्वारा कार्यक्रम अनुगमन,सल्लाह सुझाब तथा सहजीकरण ।
९. सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रमुख एवं प्रतिनिधि,जनप्रतिनिधिहरु, सरोकार निकायहरु कृषकसमुह, स्थानीय स्रोत व्यक्तिहरुको उपस्थितिमा सहभागीतामुलक योजना, अनुगमन तथा मुल्यांकन गोष्ठि ।
१०.अर्धवार्षिक तथा बार्षिक प्रगति समिक्षा बैठक ।

## संख्यात्मक उपलब्धीहरु

१. १२ जना स्थानीय स्रोत व्यक्ति छनौट र परिचालन (महिला ८ र पुरुष ४)
२. १२ जना स्थानीय स्रोत व्यक्तिहरुले ३९८ घरधुरीमा सेवा प्रवाह ।
३. १२ जना स्थानीय स्रोत व्यक्तिहरुलाई कृषकलाई सेवा प्रवाहका लागि ७८२ दिन परिचालन गरीयो ।
४.स्थानीय स्रोत व्यक्तिहरुबाट ३९८ घरधुरीमा घरबारी बगैंचा स्थापना (कम्पोस्ट खाडल,जैविक विषाधि तयारी विधि तथा प्रयोग गरेको ।
५. ३९८ सेवाग्राहीलाई नै झोलमोल बनाउनको लागि ६० लि. ड्रम र २ लि. स्प्रे उपलब्ध भएको ।
६. ३९८ घरधुरी कृषकलाई सिजन अनुसारको तरकारी बिउबिजन वितरण (काक्रो,करेला,भिंडी,सिम्लामिर्ची,खुर्सानी,टमाटर ,बोडी ,सिमि, लौका, घिरौला, फर्सी ,जुकिनी, भेन्टा)
७. १२ जना स्थानीय स्रोत व्यक्तिलाई कृषि सामग्री सहयोग ( पाइप, हजारी, सिकेचर ,ग्राफ्तिंग चक्कु, १६ लि. स्प्रयेर, ट्रे, दाँते, जोक्ने मेसिन, गार्डेन पन्जा, नोजेल, गार्डेन फोर्क, गार्डेन आरी, फिरफिरे)
८. सेवाग्राही कृषर्कहरु मध्ये ४३ उत्कृस्ट कृषक छनोट र सामग्री वितरण (पाइप, हजारी, गार्डेन पन्जा, फिरफिरे)
९. १ जना नर्सरी धनि छनोट र सामग्री सहयोग ( पाइप, सिकेचर ,ग्राफ्तिंग चक्कु, फिरफिरे)
१०. ३४ वटा सेवाग्राही कृषकहरुको समुह गठन
११. १७७९ वटा फलफुल बिरुवा वितरण ।


## यस बर्षका सिकाईहरु

१. **रणनीतिक फाइदाः** फिल्ड कार्यालय गाउँपालिका कार्यालयको नजिकै रहेकोले गाउँपालिका, वडा प्रतिनिधिहरू र सरोकारवालाहरूसँग समन्वय गर्न सजिलो भएको छ।
२. **समुदायको समर्थनः** समुदायहरू सहवागी प्रतिको सकारात्मक र उत्साहित छन्, र परियोजनाले जनजीवनमा परिवर्तन ल्याउने विश्वास राख्छन्।
३. **आशावादी गाउँपालिकाः** गाउँपालिकाले सहभागीप्रति सहयोग र सहकार्यलाई सकारात्मक रूपमा लिन्छ र परियोजनाले सम्बन्धीत वार्डको कृषि, ग्रामीण अर्थतन्त्र र पोषणमा टेवा पुर्यासउने आशा राख्दछ।
४.**जैविक कीटनाशकमा कृषकहरूको चासो**: कृषकहरू जैविक कृषिप्रति सकारात्मक छन्। १११ घरधुरीमध्ये ७०% भन्दा बढीले झोलमल तयार गर्न थालिसकेका छन्।
५.**अध्ययन सामग्रीको प्रभावकारिताः** LRPहरूले झोलमल तयारी, खेती प्रविधि र नर्सरी व्यवस्थापन जस्ता विषयमा आवश्यक जानकारी तुरुन्तै पाउन सक्छन्। यो सामग्री उनीहरूले अन्य कृषकहरूलाई ज्ञान बाँड्न गाइडको रूपमा प्रयोग गर्न सक्नेछन्।
६.**जनप्रतिनिधि र सरोकारवालाको सहभागिताः** सामग्री वितरण, समूह बैठक वा अन्य सार्वजनिक कार्यक्रमहरूमा गाउँपालिका र वडाका जनप्रतिनिधि तथा अधिकारीहरूलाई समावेश गर्दा सञ्चार सुधार, स्वामित्वको भावना, पारदर्शिता र जवाफदेहितामा वृद्धि हुन्छ ।
७.**कृषकहरूलाई प्रोत्साहन**: कृषकहरूलाई नयाँ नयाँ ज्ञान र उत्प्रेरक प्रविधिको प्रयोग गर्दै तरकारी र फलफूलका बिरुवा रोप्न प्रोत्साहित गर्नुपर्छ।
८. **स्थानीय नर्सरीको प्रयोगः** कार्यक्षेत्रमा फलफूलका बिरुवाहरू सजिलै र सुरक्षित रूपमा पुर्याउन जिल्ला भित्रकै स्थानीय नर्सरीबाट खरीद गर्नु उपयुक्त हुन्छ ।


## सुचकका आधारमा घरधुरीको स्तरीकरणको विवरण

| सुचक | आधार | स्तर | प्रतिशत |
|---|---|---|---|
| ०-पूरा नभएको | जमिनको आकार २५० वर्ग मिटरभन्दा कम, बाली विविधता आवश्यक मापदण्ड अनुसार नभएको। | ० | ० |
| १- कमजोर | जमिनको आकार र बाली विविधता आंशिक रुपमा पुरा गरिएको; कम्पोस्ट खाल्डो व्यवस्थापन गरिएको; उत्पादनले परिवारको उपभोग धान्न नसक्ने; सिचाइँ सुविधा सीमित मात्रामा उपलब्ध। | ५९ | १५ |
| २-सामान्य | जमिनको आकार र बाली विविधता मापदण्ड पुरा गरिएको; उत्पादनले परिवारको उपभोगमा आंशिक योगदान ,तर आम्दानीमा न्यून योगदान (१०% भन्दा कम); सिचाइँको मध्यम स्तरको उपलब्धता; माटो व्यवस्थापन र रोग कीरा नियन्त्रण अभ्यास गरिएको। | २९६ | ७५ |
| ३-राम्रो | जमिनको आकार मापदण्ड अनुसार पुरा गरिएको; बाली विविधता अपेक्षित मापदण्डभन्दा बढी; उत्पादन बाँड्न वा बेच्न सकिने; सिचाइँ राम्रो र प्रभावकारी; रोग, कीरा र माटो व्यवस्थापन मापदण्ड अनुसार; उत्पादन बिक्रीबाट घरधुरीको १०%-४०% आम्दानी हुने। | ४३ | १० |
| | **जम्मा** | **३९८** | **१००** |

## परियोजना संग सम्बन्धीत तस्वीरहरु




समाज कल्याण परिषदबाट स्वीकृत प्राप्त पत्र




गौमुखि गाउँपालिका बाट स्वीकृत प्राप्त पत्र




कृषकहरुलाई कृषिसामग्री वितरण




कृषकलाई झोलमोल र कम्पोष्ट मल बनाउने प्रविधि सिकाउदै





कृषकबाट उत्पादीत तरकारीहरु



संस्था र दातृनिकायका प्रमुखहरु विच भेटघाट



सहभागितामुलक अनुगमन तथा मुल्यांकन गोष्ठी



बार्षिक समिक्षा बैठकमा सहभागीहरु



फलफुलका विरुवारोपण प्रविधि सिकाउँदै प्राविधिक

४. **अध्ययन तथा अनुसन्धानात्मक कार्यक्रम** : यस आ.वमा अध्ययन अनुसन्धानका कार्यहरु भएका छैनन् ।

**५. प्रकाशनहरु (Publications)**

**क) वार्षिक क्यालेण्डर (गोजी पात्रो )**

संस्थाले कार्यान्वयन गर्दै आएका कार्यक्रमहरुलाई व्यवस्थित र योजनावद्ध किसिमबाट सञ्चालन गर्नकालागि २०८२ को वार्षिक क्यालेण्डर (Year Planner)प्रकाशन गरि संस्थाका साझेदार तथा सरोकारवाला निकायहरु एंव शुभचिन्तकहरुलाई वितरण गरिएको छ । यस गोजी पात्रोले संस्थाको संक्षिप्त चिनारी, कार्यक्रमहरुको विवरण, महत्वपुर्ण सम्पर्क नम्बर लगायत २०८२ सालको क्यालेण्डरलाई समेटेको छ । यसको प्रकाशनबाट कार्यक्रम सञ्चालनमा सहजता र सम्पर्क, समन्वय र संस्थागत पहिचानमा सहयोग पुगेको छ ।

**ख.) सहभागी समाचार प्रकाशन :** यस आ.वमा संस्थाबाट सञ्चालित परियोजनाका गतिविधिहरुको प्रतिवेदन एवं लेखहरु संकलन भई मसौदा तयारी भएकाले प्रकाशनको प्रकृयामा छ ।

**६.संस्थाबाट सम्पन्न अन्य कार्य**

**६.१.संस्थाको केन्द्रीय कार्यालय परिसरमा बृक्षारोपण कार्यक्रम**



नेपाल कृषि प्रधान देश हो, जहाँ कुल जनसंख्याको ठूलो भाग कृषि पेशामा आश्रित छ । फलफूल खेती पनि कृषिको एक महत्वपूर्ण अंग हो, जसले पोषण सुरक्षा, आर्थिक आम्दानी, रोजगारी र वातावरण संरक्षणमा योगदान पुऱ्याउँछ भन्ने अबधारणाका साथ वृक्षारोपण गर्न उपयुक्त मनसूनको महिनाको अवसर पारि सहभागी केन्द्रिय कार्यालय परिषरमा सँस्थाका अध्यक्ष शालिग्राम शर्मा, सचिव लुक बहादुर राना, केन्द्रिय कार्यालय प्रमुख शुभराज शर्मा लगायत केन्द्रीय र फिल्ड कार्यालयका कर्मचारीहरुको उपस्थितिमा तपसिल बमोजिमका उन्नत जातका फलफुलका बिरुवा रोपण कार्य मिति २०८१/०४/३० गते

सम्पन्न गरियो । जसमा आँप ४, लिची ४,कटहर ३, एभोकाडो १,सपोटा १, सरिफा १,अम्बा २, नासपति २, कागती १ गरि १९ वटा बिरुवा रोपण कार्य गरियो ।

फलफूल खेतीको व्यवस्थित सुरुवात भने सरकारी र गैरसरकारी प्रयासहरूसँगै पछिल्ला केही दशकयता मात्रै भएको हो। कृषि प्राविधिकहरूको सहयोग, नर्सरी व्यवस्थापन, सिचाइ सुविधा, बजारीकरण र कृषि सहकारीहरूले फलफूल खेतीको व्यवसायीकरणमा महत्वपूर्ण भूमिका खेलेका छन्।

फलफूल खेतीले खाद्य पोषणमा टेवा दिनुका साथै कृषकहरूको आयवृद्धि र ग्रामीण विकासमा समेत योगदान पुऱ्याइरहेको छ । सरकारले कृषि नीतिहरू, अनुदान र तालिम कार्यक्रममार्फत फलफूल उत्पादनलाई प्रवर्द्धन गर्दै आएको छ।

## ६.२ तीज विशेष कार्यक्रम २०८१



तीज हिन्दू महिलाहरूको एक महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक पर्व हो, नेपालमा तीज विशेष रूपले महिलाहरूद्वारा श्रावण शुक्ल तृतीयाका दिन हरितालिका तीजका रूपमा धूमधामले मनाइन्छ । यसैलाई मध्यनजर राख्दै २०८१ भाद्र १९ गतेका दिन सहभागी केन्द्रिय कार्यालय परिषरमा नेपाली नारिहरुको महान पर्व हरितालिका तीजको पावन अवसरमा शुभकामना आदान प्रदान तथा दर खाने कार्यक्रम सँस्थाका अध्यक्ष एवं कार्यसमितिका पदाधिकारीज्युहरुको उपस्थितिमा केन्द्रीय तथा शाखा कार्यालयमा कार्यरत कर्मचारीको सहभागीतामा सम्पन्न गरियो । संस्थामा कार्यरत पुरुष कर्मचारीहरुले महिला कर्मचारीहरु ( दिदि बहिनी) लाई तिजमा बोलाई दर खुवाउने,उपहार दिने र तिहारमा महिला कर्मचारीहरुले पुरुष कर्मचारीहरु ( दाजुभाई)लाई खुवाउने,उपहार दिने चलन राखेका छौ । यस्ता कार्यहरुले एक अर्कामा आत्मीयताका साथै सुमधुर सम्बन्ध एवं अनुसासन स्थापित गर्नलाई सहयोग पुगेको महसुस गरेका छौं ।

## ६.३.सँस्थाको २९ औं स्थापना दिवस



वि.स. २०५३ सालको चैत्र महिनाको २५ गते जिल्ला प्रशासन कार्यालय, चितवनमा दर्ता भएर विभिन्न आरोह-अवरोह पार गर्दै सहभागी संस्थाले आफ्ना लक्ष र उद्देश्य अनुसार कार्य गर्दै २८ औं वसन्त पार गरी २९ औं वर्षमा प्रवेश गरेको अवसरमा सँस्थाको स्थापना दिवस रत्ननगर नगरपालिका ९, ढिकुवास्थित संस्थाको केन्द्रिय कार्यालय परिसरमा मनाईएको छ । कार्यसमितिका सचिव, साधारण सदस्य, केन्द्रिय तथा शाखा कार्यालयका कर्मचारीको उपस्थितिमा दिप प्रज्ज्वलन गरि केक काटी , शुभकामना तथा अनुभव आदान प्रदान र मिष्ठान्न भोजन ग्रहण गरि कार्यक्रम सम्पन्न गरिएको थियो। कार्यक्रमको संचालन संस्थाका कार्यालय प्रमुख शुभराज शर्माले संचालन गर्नुभएको कार्यक्रममा संस्थालाई वर्तमान अवस्था सम्म ल्याउने संस्थापक सदस्य ज्युहरु, आजीवन तथा साधारण सदस्यज्युहरु, वर्तमान तथा पुर्व कार्यसमितिका पदाधिकारीज्युहरु एवं कर्मचारी साथीहरुको विशिस्ट योगदान प्रति उच्च सम्मान प्रकट गरि हाल विभिन्न दात्री निकायको सहयोगमा संचालन गरिएको परियोजनाबारे जानकारी समेत प्रस्तुत गर्नुभएको थियो भने आम्दानी खर्चको बिवरण लेखा तथा प्रशासन अधिकृतबाट प्रस्तुत भएको थियो ।

संस्थाका सचिब लुक बहादुर रानाको अध्यक्षतामा संचालन गरिएको कार्यक्रममा १५ जना को सहभागिता रहेको थियो ।

## ६.४ सहभागी संस्थाको साधारण सभा एवम् अधिवेशन



रत्ननगर । सहभागी संस्थाको २४ औं साधारण सभा एवम् दसौं अधिवेशनले आगामी तीन वर्षका लागि शालिग्राम शर्माको अध्यक्षतामा सञ्चालक समिति गठन गरिएको छ ।

समितिको सचिवमा डा. एकनारायण पौड्याल, कोषाध्यक्षमा खड्कबहादुर विश्वकर्मा चयन गरिएको छ । यस्तै, सदस्यहरुमा डा. सुशन आचार्य, वीरभद्र आचार्य, लुकबहादुर राना, मीना खरेल, डा. केशवराज चालिसे र गीता देवकोटा चयन भएका छन् ।




सञ्चालक समितिका अध्यक्ष शालिग्राम शर्माको अध्यक्षतामा रत्ननगर-९ स्थित केन्द्रीय कार्यालय परिसरमा सम्पन्न सभामा कार्यालय प्रमुख शुभराज शर्माले संस्थाद्वारा सञ्चालित विभिन्न परियोजनाबारे अध्यावधिक प्रस्तुति राखेका थिए भने डा. एकनारायण पौड्यालले स्वागत मन्तव्य व्यक्त गरेका थिए । यस्तै, सचिव लुकबहादुर रानाले आव ०८०/८१ को वार्षिक तथा आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए भने कोषाध्यक्ष खड्कबहादुर विश्वकर्माले ०८१/८२ को वार्षिक कार्यक्रम तथा बजेट छलफल तथा अनुमोदनको लागि प्रस्तुत गरेका थिए ।

यसैगरी, शालिग्राम शर्माले अध्यक्षको प्रतिवेदन प्रस्तुत गर्दै संस्थाको विद्यमान परिस्थिति र भावी कार्यदिशामाथि प्रकाश पारेका थिए । संस्थाले कठिन चुनौती पार गर्दै आफ्नो साख स्थापित गरी २९औं वसन्तमा प्रवेश गरेको बताए । कार्यक्रममा संस्थाको उत्कृष्ट कार्यगर्ने कार्यक्रम अधिकृत सरोजराज पौडेललाई सम्मान गरिएको थियो ।

## ६.५ सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न

२०८२ साल जेठ १० गते सनिबारका दिन सहभागी संस्थाको आयोजना तथा भ्रष्टाचार विरुद्धका अभियान चितवनको प्रबिधिक सहयोगमा संस्थाका अध्यक्ष श्री शालिगग्राम शर्मा ज्यूको अध्यक्षतामा संस्थाको केन्द्रिय कार्यालय को परिसर रत्ननगर नगरपालिका वार्ड नं ९ ढिकुवा मा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रम संन्चालन संस्थाका कार्यालय प्रमुख शुभराज शर्माले गर्नुभएको कार्यक्रममा स्वागत मन्तब्य संस्थाका सचिब डा. एकनारायण पौडेलले गर्नुभएको थियो । संस्थाद्धारा संचालित कार्यक्रमहरुको बारेमा कार्यालय प्रमुख शुभराज शर्मा र आर्थिक प्रतिवेदन संस्थाका लेखापाल बिद्या शर्माले प्रस्तुत गर्नुभएको थियो ।




संस्थाले संस्थाद्धारा संचालित गतिबिधिरुको अध्ययनका लागि संस्थागत रुपमा भ्रष्टाचार विरुद्ध अभियान चितवनसंग सम्भौता गरे बमोजीम स्थलगत अध्ययन समेतको प्रतिवदन मार्फत कार्यक्रमको सहजीकरण भ्रष्टाचार विरुद्धका अभियान चितवनकी अभियान्ता श्री सर्मिला पण्डित र रिता कंडेलबाट प्रस्तुत भएको थियो । कार्यक्रमा प्रश्न उत्तर र छलफलको माध्यमबाट उपस्थीत हुनुभएका संम्पूर्ण सहभागिहरुलाई सहभागि संस्थाले

गरेको सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत जनमानसमा सहभागिले गरेका कामहरुको प्रशंसा गरेका थिए । उक्त कार्यक्रममा संस्थाका संचालक समितिका पदाधिकारी, सधारण सदस्य र कर्मचारीहरुको पनि सहभागिता थियो, भने रत्ननगर नगरपालिका ९ नं वार्डका वार्ड सदस्य श्री शुष्मा खड्गथोकी , भ्रष्टाचार विरुद्धका अभियान रत्ननगरका संयोजक भुपेन्द्र अधिकारी , टिकौली मध्यवर्ती सामुदायीक वन, प्रहरी विट कृष्णमन्दिर का प्रमुख, वार्डका बिभिन्न टोल बिकास संस्थाका अध्यक्षहरु एंव प्रतिनिधिहरु , एवं बिभिन्न सामाजिक व्यक्तित्वहरु करिब ४० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा मन्तव्य राख्नुहुनेहरुमा सिसै टोल बिकास संस्थाका अध्यक्ष रामु पाडैल, प्रगति टोल बिकास संस्थाका अध्यक्ष लेखनाथ आचार्य , टिकौली मध्यवर्ति सामुदायिक बनका उपाध्यक्ष टिकाराम आचार्य साथै समाजसेविहरु चक्रपाणी अधिकारी, चिन्तामणि आचार्य भुपेन्द्र अधिकारी र वार्ड सदस्य शुष्मा खड्गथोकीले सहभागि संस्थाले गरेका कामहरुको प्रंशसायोग्य तथा समाजमा अतुलनिय योगदान गरेको भन्दै अगामी दिनहरुमा पनि यसरी समुदायको माझमा आफुले गरेका गतिबिधिहरुको प्रगति, समिक्षा एवं भाबि योजनाहरुको बारेमा जानकारी गराउदै कार्यक्रमलाई समुदाय केन्द्रित बनाउनको लागि सल्लाह सुझाब दिनुभएको थियो ।

कार्यक्रमको समापनको क्रममा संस्थाका अध्यक्ष शालिग्राम शर्माले सहभागिहरुबाट आएका जिज्ञासाहरुको सम्बोधन गदै सहभागि समुदायसगै रहेको र समुदायले सामाजिक रुपान्तरण गर्ने कार्यमा सधै हातमा हात मिलाएर अघि बढ्ने प्रतिबद्धता ब्यक्त गदै सबैलाई धन्यबाद दिदै कार्यक्रम समापन गर्नुभएको थियो ।

## ६.६ आगलागी पिडितलाई आर्थिक सहयोग

समुदायस्तरमा आधारित सामाजिक सेवा गर्ने उद्धेश्यका साथ गरिने सामाजिक सेवा कार्यक्रमहरू समुदायस्तरमा सञ्चालन गरिनु नेपाली समाजमा सामाजिक समावेशीकरण, समानता, र मानव अधिकार प्रवर्द्धन गर्ने महत्त्वपूर्ण माध्यम बनेको कुरा बिधिबतै छ । यस्ता कार्यक्रमहरूले विशेष गरी आर्थिक, सामाजिक वा शारीरिक रूपमा पछाडि परेका व्यक्तिहरुलाई सहयोग गर्ने तथा विपद् व्यवस्थापन र आयआर्जनमा पहुँच वृद्धि गर्नु हो ।



यसै सर्न्दभमा सहभागी संस्था बाट २०८२ साल जेष्ठ १४ गतेका दिन यसैं रत्ननगर नगरपालिका वार्ड न. ९ पशुहाट सुकुम्बासि टोलमा बस्ने शान्ती कुमालको मिति २०८२ साल बैशाख २७ गते सनिबार बिहान ७ बजेको समयका एक्कासी आगलागि भई घर पूर्ण रुपमा जलि त्यहा भित्र भएका संम्पूर्ण लत्ता कपडा, अनाज भाडा वर्तन र बिभिन्न सरकारी कागजातहरु जलेर नष्ट भएको र खाना लाउन पनि केहि नभएको हुनाले मिति २०८२ साल जेष्ठ १२ गतेको निवेदन उपर छलफल गर्दा सो परिवारलाई केहि भएपनि राहतको अनुभुती प्रदान गर्ने उद्धेश्यका साथ संस्थाका इमन्जेन्सी सामाजिक सेवा भन्ने शिर्षकबाट मिलान हुने गरि सो घर परिवारलाई रु ४०००ं सहयोग स्वरुप प्रदान गरियो ।

## ६.७ जेष्ठ नागरिक आनन्द भवन

संस्थाको अगुवाईमा यस कार्यक्रमको अवधारणा ल्याइएको हो र भोलीका दिनहरुमा संस्थाले नै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा समन्वयन तथा सहकार्य गदै देश विदेशमा रहनुहुने अग्रज सामाजिक ब्यक्तित्वका साथै यो अबधारणा लाई मनन गर्ने ब्यक्तित्वहरु संग बाट पनि रकम संकलन गदै अघि बढ्ने छ । संस्थाले र.न.पा. ९ को कार्यालय र रत्ननगर नगरपालिकाको सिफारिसमा प्रदेश स्तरिय आर्थिक मामिला तथा सामाजिक विकास मन्त्रालयमा पत्र पेश गरि जसको फलस्वरुप आ.व. २०८२/०८३ का लागि सामाजिक विकास कार्यालय हेटौडाले जेष्ठ नागरिक आनन्द भवन निमार्णको लागि रु ५०,००००। अक्षरुपी पचास लाख रुपैया विनियोजित गरेको छ । जसको प्रक्रिया के कसरी अगाडि बढाउने भन्ने कुरा संस्थाको कार्यसमितिको बैठकमा छलफल गदै कार्य प्रक्रिया अगाडि बढाइने छ ।

**७. संस्थाको बार्षिक लेखापरिक्षण** :संस्थाको आ.व. २०८०/०८१ को लेखापरिक्षणका लागि नियमानुसार चार्टर एकाउन्टेन्ट N.Chalishe and Associates बाट गराईएको थियो । परिक्षकबाट संस्थाको वित्तीय सारांश, वासलात तथा आय व्यय विवरण समेतको प्रतिवेदन उपलब्ध भयो । उक्त प्रतिवेदन संस्थाको website:www.sahavagi.org.np पढ्न तथा डाउनलोड गर्न सकिन्छ ।

**८. आ. व. २०८१/०८२ मा सञ्चालित कार्यक्रम**

| क स | कार्यक्रम | सहयोगी संस्था | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | एकिकृत परिवार नियोजन, एच.आई.भि.रोकथाम, उपचार र स्याहार कार्यक्रम चितवन र नवलपरासी | FHI-36o(इपिक नेपाल परियोजना) | निरन्तर |
| २ | स्थानिय झोलुङ्गे पुल निर्माण कार्यक्रम, चितवन | स्थानीय नपा/गाउँपालिकाहरुचितवन RTBSU/ PTAP | निरन्तर |
| ३ | सामाजिक सेवा इकाइ ,भरतपुर अस्पताल | नेपाल सरकार स्वास्थ्य मन्त्रालय ,भरतपुर अस्पताल | २०८२ साउन देखि भरतपुर अस्पतालबाट नै सहजकिरण गर्ने मार्गदर्शन प्राप्त । |
| ४ | दिगो घरबारी बगैंचा पहल कार्यक्रम, प्युठान | The Charitable Foundation (TCF), Australia | निरन्तर |
| ५ | जेष्ठ नागरिक आनन्द भवन निर्माण | नेपाल सरकार सामाजिक विकास मन्त्रालय र सहभागी | २०८२ साल श्रावण देखि शुरुवात गर्ने |

## ९. आ. व. २०८२/०८३ को प्रस्तावित कार्यक्रम तथा बजेट


आगामी बर्षका लागि यस बर्ष संचालित कार्यकमहरुको निरन्तरता स्वरुप निम्नानुसारका कार्यक्रम रहेका छन् ।

**Income and Expenditure FY 2082/083**

| Description | Total Income | Total Expenditure | Operational surplus | Remarks |
|---|---|---|---|---|
| Epic Project (Funding Partner FHI 360) | 20,000,000.00 | 20,000,000.00 | 0 | |
| SHIP project (Funding Partner TCF/GDG) | 7,532,075.00 | 7,532,075.00 | 0 | |
| Income of Central Office (Overhead ,Interest,Membership Fee,Land Rent,Donation & BBLL project ) | **2,270,000.00** | **2,017,220.00** | 252,780.00 | |
| Operational Surplus | **29,802,075.00** | **29,549,295.00** | **252,780.00** | |

**Tentative Budget summary (FY 082/83)**

| Description | Budget | Percentage % |
|---|---|---|
| Program Cost | 275,32,075.00 | 93.1733735 |
| Operational cost | 2,071,220.00 | 6.8266265 |
| Total Budget | 29,549,295.00 | 100 |


साधारण सभा
सञ्चालक सिमित
(अध्यक्ष)
केन्द्रीय कार्यालय
कार्यालय प्रमुख
कार्यक्रम अधिकृत-१
प्रशासन तथा
लेखा अधिकृत - १
लेखापाल - १
विभाग
शाखा कार्यालय
भरतपुर-१०, चितवन
बर्दघाट, नवलपरासी (पश्चिम)
गौमुखी-५, प्युठान
एच.आई.भी. एड्स रोकथाम हेरचाह सहयोग तथा
उपचार कार्यक्रम
दिगो घरबारी बगैंचा
पहल कार्यक्रम, प्युठान
जनशक्ति
व्यवस्थापन
विभाग
अनुगमन तथा
मुल्यांकन
विभाग
अध्ययन
अनुसन्धान
विभाग
प्रशिक्षण
विभाग
एच. आइ. भी.
एड्स रोकथाम
हेरचाह सहयोग तथा
उपचार कार्यक्रम
स्थानीय
झोलुंगे पुल
निर्माण
कार्यक्रम
सामाजिक
सेवा इकाइ
भरतपुर
अस्पताल
दिगो घरबारी
बगैंचा पहल
कार्यक्रम
अनुसन्धान
कार्यक्रम